# एकसय किलोवाटदेखि एकहजार किलोवाटसम्मका जलविद्युत आयोजना सम्बन्धी आन्तरिक कार्य व्यवस्था

ऊर्जा मन्त्रालयबाट स्वीकृत मिति : २०६७।२।१४

(१) एकसय किलोवाटदेखि एकहजार किलोवाटसम्मका जलविद्युत आयोजनाको विकास गर्न चाहने व्यक्ति वा संस्थाले विद्युत उत्पादनको सर्वेक्षण तथा उत्पादनको जानकारी स्वीकृतिको लागि देहाय बमोजिमको विवरण र कागजात संलग्न गरी विद्युत विकास विभाग समक्ष जानकारी दिनु पर्नेछ :

(क) विद्युत नियमावली, २०५० को अनुसूची–१ बमोजिमको ढाँचामा विद्युत उत्पादन गर्ने क्षमता, माग गरेको सर्वेक्षण क्षेत्रको अक्षांश र देशान्तर,

(ख) Desk Study Reports (अध्ययन कार्यको Detailed Cost Breakdown र Works Schedule एवम् आयोजनाको Hydrological Analysis सहित)

(ग) संस्थाको नामबाट जानकारी दिन चाहेमा सो को दर्ता प्रमाणपत्र, प्रवन्धपत्र र नियमावली,

(घ) आर्थिक क्षमता,

(ङ) प्राविधिक क्षमता,

(च) सम्पर्क गर्ने आधिकारिक व्यक्तिको विवरण, पत्राचार गर्ने स्पष्ट ठेगाना र प्रबर्द्धकको सम्पर्क फोन नं.(कार्यालय, निवास र मोबाइल नम्बर समेत), फ्याक्स नं., पो.व.नं. तथा इमेल,

(छ) १:२५,००० / १:५०,००० स्केलका नापी विभागद्वारा प्रकाशित स्थलरुपी नक्सा (ORIGINAL TOPO MAP) मा रेखांकन गरिएको अक्षांश देशान्तर खुलेको प्रोजेक्ट लेआउट,

(ज) सम्बन्धित जिल्ला जलस्रोत समिति समेतलाई जानकारी दिएको सम्बन्धित गाउँ विकास समिति/नगरपालिकाले आयोजना विकास गर्न सहमति दिएको सिफारिस पत्र,

(२) प्रबर्द्धकले राष्ट्रिय प्रसारण प्रणालीमा विद्युत प्रवाह गर्ने (नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद सम्झौता गर्ने भएमा) जलविद्युत आयोजनाको Hydrological Time Series Data को Probability of Exceedence 40% (Q40) लाई आधार मानी हुन आउने जडित क्षमतालाई सुरुमा जानकारी स्वीकृत गर्ने प्रयोजनको लागि लिइने छ।
तर राष्ट्रिय प्रसारण प्रणालीमा आबद्ध नहुने (विद्युत खरिद सम्झौता नगर्ने) आयोजनाको लागि यो व्यवस्था लागू हुने छैन।

(३) प्रबर्द्धकले उपयोग गर्ने आयोजनाको सर्वेक्षण क्षेत्र पहिले कसैलाई दिइसकेको वा जानकारी स्वीकृत गरिएको अन्य आयोजनाको क्षेत्रसँग दोहोरो पर्ने देखिएको तर जलस्रोतको उपयोग भने दोहोरो पर्ने नदेखिएमा त्यस्तो आयोजनासँग समन्वय गर्ने शर्त सहित जानकारी स्वीकृत गर्न सकिनेछ।

(४) प्रबर्द्धकले आयोजना कार्यान्वयनमा गरेको कार्यप्रगतिको नियमित अनुगमन विद्युत विकास विभागले गर्न सक्नेछ।

(५) विद्युत उत्पादनको लागि विद्युत विकास विभागले जानकारी स्वीकृत गरेकोमा सो को जानकारी सम्बन्धित जिल्ला जलस्रोत समितिलाई दिनु पर्नेछ ।

(६) एउटै व्यक्ति वा संस्थाले एक भन्दा बढी आयोजनाको लागि सर्वेक्षणको दरखास्त ( जानकारी) दिएमा त्यस्तो दरखास्तवालाले माग गरेको थप आयोजना कार्यान्वयन गर्न सक्ने अतिरिक्त आर्थिक हैसियत (Cumulative Net Worth) स्पष्ट खुलेको कागजात पेश गर्नु पर्नेछ ।

जारी मिति : २०६७।२।१४

-